# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०४।३० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------

मेलम्ची देखि काठमाडौंतर्फ बालुवा लिई आउने क्रममा राजमार्गमा पर्ने हिगुवापाटी ट्राफिक पोष्ट काभ्रेका प्रहरी जवान तेज प्रसाद भट्टराई नदिजन्य पदार्थ ढुवानी गरे वापत विभिन्न बहाना गरी घुस रिसवत बापत रू.२,०००।— (दुई हजार) माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गालबाट खटिई गएको टोलीले हिगुवापाटी ट्राफिक पोष्टमा कार्यरत प्रहरी जवान तेज प्रसाद भट्टराईले रू.२,०००।–घुस रिसवत लिएको अवस्थामा रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज प्रहरी जवान तेज प्रसाद भट्टराईले सेवाग्राहीसँग सवारी साधन चेकजाँच गर्ने क्रममा नियमित काम गर्ने हो भने मासिक रूपमा रू.२,०००।— (दुई हजार) का दरले बुझाउनुपर्छ भनी आफ्नो जिम्मेवारी, ओहोदा र पदीय दायित्व समेतको ख्याल नगरी बदनियतपूर्वक रकमको वार्गेनिङ गरी रू.२,०००।— (दुई हजार) घुस/रिसवत लिएको स-प्रमाण पुष्टि हुन आई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर अपराध गरेको देखिंदा निजलाई बिगो रू.२,०००।—(दुई हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजायको मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता